प्रतिदिन १७औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY





विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०



वर्ष–१७ ।। अङ्क : ९५ ॥ २०८२ वैशाख ३० गते मंगलबार (13th May 2025 Tuesday) **Pratidin** National Daily मूल्य–रु.५ / –


# बिर्तामोडमा खुलेआम मौलाउँदै चिट्ठा धन्दा

झापा(प्रस) । विभिन्न कम्पनीको नाममा बिर्तामोडमा चिट्ठा धन्दा मौलाउँदै गएको छ । प्रत्येक महिना आकर्षक उपहार पाइने र कोही पनि खाली हात नजाने लोभ देखाएर महिना-महिनामा सर्वसाधारण ग्राहकलाई रकम बुझाउन लगाउने गरी चिट्ठा धन्दाको संजाल विस्तार भइरहँदा प्रहरी प्रशासनले रोक्न सकिरहेको छैन । घुमाउरो पाराले आफ्नो कम्पनीको प्रोडक्ट बिक्री गर्ने उद्धेश्यसहित चिट्ठा बिक्रीबाट लाखौं कमाउने गरी बिर्तामोडमा एकपछि अर्को गर्दै करिव आधा दर्जन कम्पनीहरुले त्यस किसिमको अवैध धन्दा संचालन गरिरहेका छन् ।

जसको बारेमा प्रहरी प्रशासन बेखबर छ । राजनीतिक पृष्ठभूमि भएकै व्यक्तिहरुले अवैधरुपमा चिट्ठा संचालन गरिरहेकाले प्रहरी प्रशासनले अहिलेसम्म कार्वाही गर्न नसकेको बताइन्छ । बिर्तामोडमा ब्राभो , एनके , साँची , अजम्बरी , युएलसीजस्ता कम्पनीहरुले चिट्ठा संचालन गरिरहेका छन् । होटल किंग्सवेरीअगाडि रहेको मेची कमर्श एण्ड ट्रेड प्रा.लि.ले ब्राभो टेलिभिजन बिक्री गर्ने उद्धेश्यले चिट्ठा संचालन गरिरहेको छ । कम्पनीले ६ हजार ९९९ जना सदस्य संख्या तोकेको छ ।हालसम्म ३ हजार ५०० सदस्य




पुगेको कार्यालय प्रमुख बालकृष्ण अधिकारीले बताए । ती सदस्यहरुले प्रत्येक महिना किस्ताको रुपमा १ हजार २ ९५ रुपैयाँ बुझाउँछन् । ग्राहकहरुले २७ किस्ता खेल्नु पर्ने नियम छ ।

ब्राभोले हरेक महिना ग्राहकको उपस्थितिमा बिर्तामोड -४ स्थित इन्द्रेणी ब्याङक्वेटमा चिट्ठा खोल्ने गरेको छ । २७ महिने किस्ताको चिट्ठा अन्तिम चरणमा पुगेको जनाइएको छ । प्रत्येक महिना उपहार दिनेगरी ग्राहकबाट रकम असुल्ने गरिएपनि मेची कमर्श एण्ड ट्रेड प्रा.लि.का कार्यालय प्रमुख अधिकारी त्यसलाई चिट्ठाको रुपमा बुझ्न नहुने प्रतिक्रिया दिन्छन् । ब्राभोले जिल्ला प्रशासन कार्यालय झापाबाट कुनै पनि स्वीकृति लिएको छैन । नेपाल सरकारबाट नै स्वीकृति लिएको कार्यालय प्रमुख अधिकारी दावी गर्छन् । ब्राभोजस्तै साँची ग्रुप प्रा.लि. , युएलसी इलेक्ट्रोनिक्सजस्ता कम्पनीले पनि आफ्ना प्रोडक्ट बिक्री गर्ने उद्धेश्यले चिट्ठा संचालन गरिरहेका छन् । महँगो कार , मोटरसाइकल , फ्रिज , वासिङ मेसिनजस्ता आकर्षक उपहार दिने भन्दै संचालन गरिएको चिट्ठाको लोभमा धेरै सर्वसाधारण परिसकेका छन् ।

विगत दुई दशकअघि पिके फर्निचर , डिजाइनर फर्निचरजस्ता व्यवसायिक संस्थाले घरदैलो कार्यक्रमको नाममा त्यस किसिमको चिट्ठा संचालन गरेका थिए । धेरैजना ठगीमा परेपछि प्रहरी प्रशासनले त्यसबेला बन्द गराएको थियो । अहिले त्यही चिट्ठा कार्यक्रमको पुनरावृत्ति भएको हो ।

बिर्तामोडमा संचालित चिट्ठा कार्यक्रमको बारेमा सोधपुछ गर्न केही दिनअघि बिर्तामोड प्रहरीले अजम्बरीका संचालकलाई बोलाएको थियो । अवैध चिट्ठालाई वैधता दिन खोजिएको एक प्रहरी अधिकारीले बताए । उद्योग बाणिज्य संघ , घरेलु तथा साना उद्योग कार्यालयसंग अनुमति लिएर घुमाउरो पारामा चिट्ठा खेलाउने गरिएको ती अधिकारीले बताए । ‘ अनेक किसिमको लोभ लालच देखाएर झुक्याउन सक्छन् ’ उनले भने, ‘ त्यसकारण सर्वसाधारणले त्यस्तो लोभमा पर्नु हुँदैन ।’ उनले जिल्लाका सुरक्षा अधिकारीसंग त्यस विषयमा छलफल गर्न लागिएको जानकारी दिए ।

यसरी खोलिएका चिट्ठा कार्यक्रमलाई जिल्ला प्रशासन कार्यालयले कुनै पनि अनुमति नदिएको प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीले स्पष्ट पारे । उनले त्यस्ता कार्यक्रमका बारेमा गुनासो आएकाले अनुसन्धान शुरु गरिसकेको जानकारी दिए । यसअघि बिर्तामोडमा चिट्ठा कार्यक्रमकै कारण तनाव हुँदा प्रहरीको गोली लागेर एकजनाको मृत्यु भएको थियो ।

# लेखक संघ झापाको अध्यक्षमा गोस्वामी

झापा(प्रस)। नेपाली लेखक संघ झापाको अध्यक्षमा दयानन्द गोस्वामी चयन भएका छन् । नेपाली लेखक संघ झापाको बिर्तामोडमा सम्पन्न पाँचौं अधिवेशनले गोस्वामीको अध्यक्षतामा ११ सदस्यीय समिति



सर्वसम्मत चयन गरेको हो । जसको उपाध्यक्षद्वय वेणुप्रसाद अधिकारी र नमूना निरौला, सचिव समिरबाबु कट्टेल, कोषाध्यक्ष अमृता पाठक चौलागाईं, सहसचिवद्वय जितेन साम्पाङ र अम्विका कडरिया रहेका छन् । त्यस्तै गुणनिधि लुइटेल, जमुना खरेल, पुण्य बराल र महेन्द्र कोइराला सदस्य रहेका छन् । दुई सदस्य कार्यसमितिले मनोनयन गर्ने निर्वाचन समितिका संयोजक कृष्ण बराल जानकारी दिए । अधिवेशनले सल्लाहकारमा कृष्ण धरावासी, विष्णुकुमार भट्टराई, प्रकाश बुढाथोकी, केशव आचार्य र कृष्ण बराललाई चयन गरेको छ । अधिवेशनको उद्घाटन गर्दै साहित्यकार तथा संघका केन्द्रीय सल्लाहकार धर्मेन्द्रविक्रम नेम्बाङले लोकतन्त्रवादी लेखक लेखकीय सत्ता जत्तिकै सशक्त र उत्तिकै प्रगतिशील हुनु पर्ने बताए । ‘महाकवी लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठजस्ता साहित्यका धरोहरले बनाएको संगठनको सदस्य बन्न पाउनु गर्वको विषय हो ’ उनले भने, ‘संघको उद्देश्य प्राप्तिका लागि संगठनलाई अझ मजबुत र सिर्जनशील बनाउन आवश्यक छ ।’ उनले लोकतन्त्रवादी लेखकहरु गतिशील र परिवर्तनलाई आत्मसात गर्न सक्ने हुनु पर्ने बताए ।

कार्यक्रममा नेपाली लेखक संघ कोशी प्रदेश अध्यक्ष गोकुल अधिकारी, उपाध्यक्ष लता खरेल, महासचिव बासु पोखरेल, सशांक प्रतिष्ठानका अध्यक्ष छबिलाल खतिवडा, संघका झापा अध्यक्ष कुमार भट्टराई, समीरबाबु कट्टेललगायतले आ-आफ्नो धारणा राखेका थिए ।

# धनकुटामा सुमो दुर्घटना, ८ जना घाइते

झापा(प्रस) । धनकुटामा सुमो दुर्घटना हुँदा ८ जना घाइते भएका छन् । आइतवार राति १० बजेतिर धनकुटा साँगुरीगढी गाउँपालिका वडा नम्बर ३ कुसेटारस्थित तमोर



करिडोर सडकखण्डमा ताप्लेजुङबाट धनकुटातर्फ आउदै गरेको मे १ ज २६५५ नम्बरको टाटा सुमो अनियन्त्रीत भई कल्भर्टबाट अन्दाजी १० फिट तल खसेर दुर्घटना भएको हो ।

घाइतेहरुको विवरण यसप्रकार रहेको छः-

१. चितवन भरतपुर नपा ११ बस्ने वर्ष ४५ की नमकला फुयलको ,बाहिरी चोट नदेखिएको ,अवस्था मध्यम रहेको ।

२. ऐ.ऐ.बस्ने वर्ष अन्दाजी ४७ का जयेश्वर पोखरेल, बाहिरी चोट नदेखिएको ,अवस्था मध्यम रहेको ।

३. ऐ.ऐ बस्ने वर्ष अन्दाजी ३८ की इसु पंगेनी,बाहिरी चोट नदेखिएको ,अवस्था मध्यम रहेको ।

४. ऐ.ऐ बस्ने वर्ष अन्दाजी २२ की निकिता फुयल, बाहिरी चोट नदेखिएको ,अवस्था सामान्य रहेको ।

५. ऐ.ऐ बस्ने जयेश्वर पोखरेलका छोरा वर्ष अन्दाजी १६ का शिरिष पोखरेल,बाहिरी चोट नदेखिएको ,अवस्था सामान्य रहेको ।

६. ऐ.ऐ बस्ने वर्ष ४६ की सावित्री अधिकारी,बाहिरी चोट नदेखिएको ,अवस्था सामान्य रहेको ।

७. ऐ.ऐ.बस्ने वर्ष अन्दाजी ५२ का दिपचन्द्र घिमिरे,बाहिरी चोट नदेखिएको ,अवस्था सामान्य रहेको ।

८. ऐ.ऐ बस्ने वर्ष अन्दाजी ४५ का नवराज फुयल, बाहिरी चोट नदेखिएको ,अवस्था मध्यम रहेको । घाइतेहरुलाई उपचारको लागि विपी कोइराल स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानतर्फ पठाइएको प्रहरीले जनाएको छ ।

# मेचीनगरमा भेटिए १९ जना क्षयरोगी

मेचीनगर(प्रस) । मेचीनगरको चारवटा वडामा एआई प्रविधिबाट छातीको एक्सरे परीक्षण गर्दा १९ जना क्षयरोगी भेटिएका छन् ।

मेचीनगर नगरपालिकाले चारवटा वडामा आयोजना गरिएको एक्सरे विधिबाट सक्रिय क्षयरोग खोजपड्ताल तथा निःशुल्क स्वास्थ्य परीक्षण शिविरमा १९ जना क्षयरोगीका विरामी भेटिएका हुन् ।

मेचीनगर-४, ७, १२ र १५ नम्बर वडामा सञ्चालन गरिएको स्वास्थ्य परीक्षण शिविरमा एक हजार १३६ जनाले उपचार सेवा पाउँदा उक्त संख्यामा क्षयरोगीका विरामी भेटिएको स्वास्थ्य शाखा प्रमुख सविता सापकोटाले जानकारी दिइन् ।

चारवटै वडाबाट आशंका गरिएका २३६ जनाको खकार परीक्षणका लागि नमूना संकलन गरिएको छ ।



सोमबार वडा नम्बर १५ मा गरिएको शिविरमा २८१ जनामध्ये २८० जनाले क्षयरोग पहिचानका लागि एआई प्रविधिबाट छातीको एक्सरे परीक्षण गरेका थिए । त्यसमध्ये ६ जना क्षयरोगीका विरामी भेटिएका छन् । ७५ जनाको खकार परीक्षणका लागि नमूना लिएको छ ।

शिविरमा सुगरको ग्लुकोजको मात्रा जाँच गरिएकोमा ६४ जनाको प्रि-मधुमेह देखिएको छ। त्यस्तै मिर्गौलाका लागि पिसावमा प्रोटिनको जाँच गर्दा ३१ जनामा पोजेटिभ देखियो ।

आइतबार वडा नम्बर १२ मा गरिएको शिविरमा ३६२ जनामा ४ जना क्षयरोगी, ७५ जनाको खकारको नमूना संकलन, शनिबार वडा नम्बर ७ मा गरिएको शिविरमा २६३ जनामा ३ जना क्षयरोगी, ६६ जनाको खकार संकलन र शुक्रबार वडा नम्बर ४ मा गरिएको शिविरमा २३० जनामा ६ जना क्षयरोगी, २० जनाको खकार संकलन गरिएको छ ।

गत माघ ८ र १० गते वडा नम्बर २ र १० मा गरिएको उक्त शिविरमा ८ जना क्षयरोगीका विरामी भेटिएको स्वास्थ्य शाखाले बताएको छ ।

त्यसबेला वडा नम्बर २ मा ५ जना मध्ये ३ जना शिविर र २ जना खँकार संकलन गर्दा क्षयरोगीका विरमी भेटिएको थियो ।

यसैगरी वडा नम्बर १० मा शिविरमा क्षयरोगी भेटिएन । तर, खकारको नमूना संकलन गर्दा पछि ३ जना क्षयरोगी भेटिएको थियो ।

शिविरमा कोशी प्रदेशबाटै आएका एआई विज्ञ डाक्टर विनोद मण्डल, मेचीनगर आधारभूत अस्पतालका मेडिकल अधिकृत डाक्टर विकास दास, रेडियोग्राफर सहितको प्राविधिक टिम, स्वयम्सेवक, स्वास्थ्य शाखा, स्वास्थ्य केन्द्रका स्वास्थ्यकर्मीहरु, नगर प्रहरी खटिएका थिए ।

सोमवार वडा नम्बर १५ को

❖ बाँकी अन्तिम पृष्ठमा

# हावाहुरीले बाह्रदशीको केराखेतीमा ५१ लाखको क्षति

झापा(प्रस) । आइतवार साँझ आएको हावाहुरीले झापाको बाह्रदशीमा लगाइएको केराखेतीमा ठूलो क्षति पुगेको छ ।

साँझ ५.३० बजेतिर आएको हावाहुरीले बाह्रदशी गाउँपालिका वडा नं. ७ बत्तीसबिघेमा स्थानीय १५ घरधुरीले अन्दाजी ३० बिघा जग्गामा लगाएको केराको बोटहरु ढाली क्षति पुर्याएको हो । जसबाट अन्दाजी ५१ लाख बराबरको क्षति भएको छ । आज बिहान पीडितहरुले इलाका प्रहरी कार्यालय घैलाडुब्बामा जानकारी गराउनसाथ प्रहरी टोली खटिएर स्थलगत रुपमा अवलोकन गरेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# चोरमाराको पुल भाँच्चिदा पूर्व-पश्चिम राजमार्ग ठप्प



झापा(प्रस) । सोमवार राति कावासोती-दुम्कीवास खण्डको बीचमा पर्ने चोरमारा पुल भाँच्चिएपछि पूर्व-पश्चिम राजमार्गमा यातायात ठप्प भएको छ । नारायणगढदेखि ४२ किलोमिटर पश्चिममा रहेको फलामे पुल भाँच्चिएका कारण राजमार्ग अवरुद्ध भएको हो ।

पुल थोरै दबिएको हुँदा पूर्व-पश्चिम हिँडेका सयौँ गाडी चोरमारा र अरुण खोलामा रोकिएको प्रहरीले जनाएको छ ।

‘पुल भाच्चिएको छ त्यहा अनुगमनमा जिल्ला प्रहरी प्रमुख यादव ढकालसहितको टोली गएको छ । राजमार्ग ठप्प छ,’ डीएसपी मधु नेपालले भने ।

पूर्व-पश्चिम राजमार्गअन्तर्गत नवलपरासी पूर्वकै दुम्कीवासको फलामे पुल भाँच्चिएको ४ महिनापछि त्यस्तै प्रकृतिको चोरमारा पुल भाँच्चिएको हो ।


**डा. प्रेम ब. शाही, MS, FISS**
वरिष्ठ विशेषज्ञ – हाड, जोर्नी, नशा, मेरुदण्ड रोग /सर्जन
समयः सोमबार देखि विहिबारसम्म, २ बजे देखि

**डा. दिपायन पाण्डे, MD**
वरिष्ठ विशेषज्ञ – छाला, यौन, कपाल, सौन्दर्य, कुष्ठरोग
समयः प्रत्येक विहिबार, स्किन हस्पिटल, दमकबाट

**डा. आलोक झा, MD**
वरिष्ठ विशेषज्ञ – मानसिक, नशा तथा मनोरोग
समयः प्रत्येक महिनाको पहिलो शनिबार, कोशी हस्पिटल, विराटनगरबाट

**डा. केशव कु. मण्डल, MD**
वरिष्ठ विशेषज्ञ – नवजात शिशु तथा बाल रोग विशेषज्ञ
समयः दैनिक सेवा, विहान १० बजे देखि

**डा. धिरज ताम्रकार, MD / डा. आनन्द देव, MD**
वरिष्ठ फिजिसियन /इन्टरनल मेडिसिन
समयः दैनिक सेवा

**डा. विकाश जैशी, MD, DM**
वरिष्ठ विशेषज्ञ – कलेजो (लिभर) पेट, जन्डिस, हेपटाईटिस रोग तथा कलेजो प्रत्यारोपण फिजिसियन
समयः प्रत्येक महिनाको अन्तिम आईतबार, विर हस्पिटल, काठमाडौंबाट

**डा. अच्युत भक्त आचार्य, MD, DM**
वरिष्ठ विशेषज्ञ – छाति, फोक्सो, दम, श्वासप्रश्वास, एलर्जी, निन्द्रा तथा क्षयरोग/ पल्मोनोलोजिष्ट
समयः प्रत्येक महिनाको अन्तिम शनिबार, नर्भिक हस्पिटल काठमाडौंबाट

**डा. विवेक कट्टेल, MD, FRCI**
वरिष्ठ विशेषज्ञ – बाथरोग, संक्रमण रोग तथा फिजिसियन
समयः प्रत्येक महिनाको दोस्रो शनिबार, न्यूरो हस्पिटल विराटनगरबाट

**डा. निशान भुर्तेल, MD, DM**
वरिष्ठ विशेषज्ञ – मृगौला (किड्नी) रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समयः प्रत्येक महिनाको दोस्रो शुक्रबार, सिभिल हस्पिटल काठमाडौंबाट

स्वास्थ्य सेवामा तपाई सँगै
**जिवनरक्षा बिर्तामोड**
पोलिक्लिनिक एण्ड डायग्नोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड–४, भद्रपुररोड, झापा (भद्रपुरबसस्टेण्ड अगाडि)
जानकारी तथा नाम दर्ताका लागि सम्पर्क
023-591566 (Reception), 023-531242 (Pharmacy)
9807923352 / 9817094601
विशेषज्ञ OPD सेवा/प्याथोलोजि ल्याब/भिडियो एक्स–रे/डिजिटल एक्स–रे ECG/ EEG/NCT/PFT/फार्मेसी
खुल्ने समयः विहान ७ बजे देखि बेलुकी ७ बजे सम्म

**डा. धर्मागत भट्टराई, MD, DM**
वरिष्ठ विशेषज्ञ – बाल रोग, इम्युनोलोजी (रोग प्रतिरक्षा), एलर्जी, बाल बाथजन्यरोग र बाल बोनम्यारो मेडिसिन विज्ञ
समयः प्रत्येक महिनाको अन्तिम शुक्रबार र शनिबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. उत्कर्ष कार्की, MD, DM**
वरिष्ठ विशेषज्ञ – बालबालिका किशोरकिशोरी नशा तथा मानसिक रोग /बाल मनोचिकित्सक
समयः प्रत्येक महिनाको दोस्रो शुक्रबार र शनिबार, कान्ति बाल हस्पिटल, काठमाडौबाट

**डा. सन्तोष मिश्र, MD, DM**
वरिष्ठ विशेषज्ञ – बाल नशा मस्तिष्क, मेरुदण्ड, अटिजम, टोउको रोग /बाल न्यूरोलोजिष्ट
समयः प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**डा. दिलिप न्यौपाने, MD, DM**
वरिष्ठ विशेषज्ञ – बाल पेट, ग्याष्ट्रिक, आन्द्रा, प्यान्क्रियाज, कुपोषण, तथा कलेजो रोग /बाल ग्याष्ट्रोइन्टेरोलोजिष्ट
समयः प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**प्रा. डा. गौरवराज ढकाल, MS, FISS**
वरिष्ठ विशेषज्ञ – मेरुदण्ड (स्पाइन), नशा, ढाँड, गर्धन, कम्मर रोग /स्पाइन सर्जन
समयः प्रत्येक महिनाको दोस्रो शुक्रबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. पुरूषोत्तम पराजुली, MS, MCh**
वरिष्ठ विशेषज्ञ – पिसाब, प्रोस्टेट, मुत्रनलि, पत्थरी तथा मुत्र रोग /युरोलोजिष्ट
समयः प्रत्येक महिनाको तेस्रो शनिबार, न्यूरो हस्पिटल, विराटनगरबाट

**डा. अपार पोखरेल, MS, FIPE**
वरिष्ठ विशेषज्ञ – नाक, कान, घाँटी रोग /बाल तथा वयष्क ENT सर्जन
समयः प्रत्येक महिनाको अन्तिम शनिबार, सिभिल हस्पिटल, काठमाडौंबाट

**डा. हरिशंकर प्र. यादव, MD, FIEM**
वरिष्ठ विशेषज्ञ – मधुमेह (सुगर), थाइराईड, हर्मोन रोग
समयः प्रत्येक महिनाको अन्तिम शनिबार, विराटनगरबाट

# पक्की पुल भत्किँदा सडक अवरुद्ध

झापा(प्रस) ।इलाम सूर्योदय नगरपालिका- १ स्थित मयुम खोलाको पक्की पुल भत्किँदा सडक अवरुद्ध भएको छ । सोमवार दिउँसो १२:३० बजे नयाँबजारबाट फिक्कलतर्फ आउँदै गरेको प्रदेश १- ०३-००१ च ००९१ नम्बरको दुध बोक्ने बोलेरो गाडी क्रस गर्ने क्रममा मयुम खोलाको पुरानो पक्की पुल भत्किएको हो । पुल भत्किँदा बोलेरो गाडीमा सामान्य क्षति पुगेको छ । सो गाडी घटनास्थलबाट निकालिएको छ भने पुल भत्किएकोले बाटो पूर्णरुपमा अवरुद्ध भएको प्रहरीले जनाएको छ ।



बोलेरो चालक माईजोगमाई -२ बस्ने इन्द्रकुमार राई प्रहरीको सम्पर्कमा रहेको र उक्त सडकमा वैकल्पिक बाटो नभएकोले पुल बनाउनेतर्फ समन्वय भइरहेको जनाइएको छ ।

# शाहको वैवाहिक वर्षगाँठमा राहत कोषमा सहयोग

झापा(प्रस) । बिर्तामोड उद्योग वाणिज्य संघका सचिव राजकुमार शाहले आफ्नो २५ औं वैवाहिक वर्षगाँठको अवसरमा संघले सञ्चालनमा ल्याएको राहत कोषका लागि २५ हजार रुपैयाँ प्रदान गरेका छन् ।



श्रीमती संगीता शाहसंग बिर्तामोड उद्योग वाणिज्य संघमा आएका शाहले संघका अध्यक्ष राजु न्यौपानेलाई २५ हजार रुपैयाँ प्रदान गरेका हुन् । बिर्तामोड उद्योग वाणिज्य संघले एक करोड रुपैयाँ बराबरको ब्यवसायी सदस्य राहत कोष स्थापना गरेको छ । सो कोषमा बिर्तामोडका आम उद्योगी व्यवसायी, सामाजिक क्षेत्रका अगुवाहरुले आफ्नो जन्मदिन, विवाह उत्सव र पितृको स्मृतिमा रकम प्रदान गर्दै कोष वृद्धिका लागि सहयोग गर्दै आएका छन् । यसैक्रममा संघका सचिव शाहले पनि कोष वृद्धिका लागि भन्दै आर्थिक सहयोग गरेका हुन् ।

संघका अध्यक्ष न्यौपानेको अध्यक्षतामा भएको कार्यक्रममा संघका पूर्व अध्यक्ष कुमार भट्टराईले संघले संचालन गरेको कोष प्रभावकारी बन्ने र दुःखमा परेका व्यवसायीहरुको सहयोगी बन्ने बताए ।

कार्यक्रममा कोषका संयोजक राजकुमार घिमिरे 'राजु' उपाध्यक्षत्रय विशाल थापा, जीवन खड्का , गोमा भट्टराई ,त्यस्तै व्यवसायीहरु गणेश मादेन, धर्म शाह, लगायत सहभागी थिए ।

कोष वृद्धिमा सहयोग पुऱ्याएको भन्दै शाह दम्पतीलाई संघले कदरपत्रद्वारा सम्मान गरेको छ । कार्यक्रमको संचालन संघका कोषाध्यक्ष युवराज निरौलाले गरेका थिए ।

# भद्रपुरमा विद्युत सर्ट भइ आगलागी , घर जलेर नष्ट

झापा(प्रस)। झापाको भद्रपुरमा विद्युत सर्ट भई आगलागी हुँदा एक घर जलेर नष्ट भएको छ ।
सोमवार बिहानको राति २ बजे भद्रपुर नगरपालिका वडा न.९ जमदार चोक बस्ने गीता कार्की पौडेलको घरमा आगलागी भएको हो । पौडेलको टिनको छाना र बाँसको टाँटीबेरा भएको भान्साघरमा विद्युत सर्ट भई आगलागी हुँदा भान्साभित्र रहेको अन्नपात, भाँडावर्तन, काठपात पूर्णरुपमा जलेर नष्ट भएको छ । आगलागीबाट अन्दाजी १ लाख ५० हजार बरावरको क्षति भएको छ । प्रहरी चौकी घोडामाराबाट गएको प्रहरी टोली र स्थानीयको संयुक्त प्रयासमा आगो नियन्त्रणमा आएको थियो ।

## सवारी ज्यान मुद्धाका प्रतिवादी तामाङ १० वर्षपछि पक्राउ

झापा(प्रस) । सवारी ज्यान मुद्धाका फरार प्रतिवादी इलाम चुलाचुली- ५ आँपझोला बस्ने ३४ वर्षीय कमल तामाङ १० वर्षपछि पक्राउ परेका छन् । जिल्ला अदालत इलामको मिति २०७२ असार १७ गतेको फैसलाले उनलाई ६ दिन कैद र २ हजार रुपैयाँ जरिवाना तोकिएको थियो । खोजतलास गर्ने क्रममा प्रहरी चौकी पेल्टीमारीबाट खटिएको प्रहरी टोलीले सोमवार बिहान उनकै घरबाट तामाङलाई फेला पारेको हो । उनलाई पक्राउ गरी जिल्ला प्रहरी कार्यालय इलाम ल्याई थप अनुसन्धान भइरहेको जनाइएको छ ।

## इलाममा १२ वर्षीया बालिकाले गरिन् आत्महत्या

झापा(प्रस)।इलाममा एक १२ वर्षीया बालिकाले झुन्डिएर आत्महत्या गरेकी छन् । सोमवार दिउँसो ३:३० बजे इलाम नगरपालिका- ११ निन्दाखु बस्ने मेघराज नेपालकी छोरी १२ वर्षीया सेविका नेपाल आफ्नै घरको माथिल्लो तलाको बरण्डाको काठको बलोमा सलको पासो लगाई झुन्डिरहेको अवस्थामा फेला परेकी हुन् । उनका बुबा र आमाले देखेर पासो काटी भुइँमा झार्दा उनको मृत्यु भइसकेको थियो । कक्षा ७ मा अध्ययन गर्ने सेविकाले आत्महत्या गर्नुपर्ने कारण खुलिनसकेको इलाम प्रहरीले जनाएको छ । प्रहरी चौकी गोलाखर्कबाट प्रहरी टोली खटिएर घटनास्थल सुरक्षित राखेको र कानुनी प्रकृया तथा अनुसन्धानको लागि जिल्ला प्रहरी कार्यालय इलामबाट प्रहरी निरीक्षक संजिव बोगटीको कमाण्डमा टोली खटिएर शव पोष्टमार्टमको लागि जिल्ला अस्पताल इलाम पठाइएको सूचना अधिकारी डीएसपी मानबहादुर राईले जानकारी दिएका छन्।

# श्रीलंकालाई हराउँदै नेपाल सेमिफाइनलमा



झापा(प्रस) । नेपालले यू-१९ साफ च्याम्पियनसिपमा श्रीलंकालाई ५-० ले पराजित गर्दै सेमिफाइनल यात्रा तय गरेको छ । नेपालसँगै समूह ' बी' बाट भारत पनि अन्तिम चारमा पुगेको छ । अब समूहको शीर्ष स्थानका लागि नेपाल र भारत भिड्ने छन् । दुवै टिम समान तीन-तीन अंकमा छन् ।
श्रीलंका भने लगातार दोस्रो हारसँगै प्रतियोगिताबाट बाहिरिएको छ ।
नेपालका लागि सुजन डंगोल, धर्वेन्द्र कुँवर र सुवास बम, विज्ञान खड्का र लक्षु थापाले १-१ गोल गरे । सुजनले पहिलो हाफको इन्ज्युरी समयको चौथो मिनेटमा पहिलो गोल गरे । उनले राम थापाको क्रसलाई गोलमा परिणत गरेका हुन् । धमेन्द्रले ६१ औं मिनेटमा दोस्रो गोल थपे ।
सुवासको क्रसमा उनको प्रहार डिफ्लेक्ट हुँदै गोलमा परिणत भएको थियो । सुवास आफैंले ७७ औं मिनेटमा गोल गरेका हुन् । विज्ञानले ९० औं मिनेटमा पाँचौं गोल गरे । लक्षुले दोस्रो हाफको इन्ज्युरी समयको चौथो मिनेटमा यो गोल गरेका हुन् ।
यसै समूहको पहिलो खेलमा भारतले श्रीलंकामाथि ८-० को ठूलो अन्तरको जित निकालेको थियो । यसअघि समूह 'ए' बाट बंगलादेश सेमिफाइनल पुगेको छ । उसले आइतबारको पहिलो खेलमा भुटानलाई ३-० ले पराजित गरेको थियो । जितसँगै बंगलादेशको दुई खेलबाट चार अंक भएको छ । आफ्नो पहिलो खेलमा बंगलादेशले माल्दिभ्ससँग २-२ को बराबरी खेलेको थियो ।
अब यो समूहको लिग चरणको अन्तिम लिग खेलमा माल्दिभ्स र भुटान भिड्ने छन् । त्यसमा माल्दिभ्सलाई सेमिफाइनल पुग्न बराबरी नै पर्याप्त रहनेछ भने भुटानलाई निश्चित जित आवश्यक पर्नेछ । बंगलादेशको जितमा भने मोहमद मर्सेद अली, सुमाने सोरेन र नजमुल हुडाले गोल गरे ।

# बुद्धशान्तिमा आधारभूत पत्रकारिता तालिम

बुद्धशान्ति । झापाको बुद्धशान्ति गाउँपालिकामा आधारभूत पत्रकारिता तालिम सम्पन्न भएको छ । पत्रकार हरूको छाता संगठनका रुपमा रहेको बुद्धशान्ति प्रेस क्लब बुद्धशान्ति झापाको आयोजना तथा बुद्धशान्ति गाउँपालिकाको आर्थिक सहयोगमा पत्रकारिता तालिम सम्पन्न गरिएको हो ।
तालिममा प्रेस क्लबका पदाधिकारी, सदस्यसंगै हालसम्म पत्रकारितासम्बन्धी तालिम नपाएका तर सञ्चार क्षेत्रमा काम गर्दै आएका सञ्चारकर्मीसहित गाउँपालिकाका सातैवटा वडाका इच्छुक विद्यार्थी र नागरिकहरुलाई सो तालिम प्रदान गरिएको थियो । तालिममा ४२ जनाको सहभागिता रहेको थियो ।
तालिममा सहभागी प्रशिक्षार्थी अनिता अर्यालले आफूलाई पत्रकारिता तालिम लिन इच्छा जाहेर भएपछि सहभागी भएको र आधारभूत पत्रकारिता तालिम सिकारु पत्रकारका लागि निकै उपयोगी भएको बताइन् । उनले आगामी दिनमा पत्रकारिता गर्दा यो तालिमले निकै सहज हुने बताइन् । अर्का प्रशिक्षार्थी समिर सुब्बाले हाल पत्रकारिता अध्ययन र तालिम बिनै काम गरिरहेको अवस्थामा तालिमबाट थप पत्रकारिता गर्न सहज हुने बताए ।
प्रेस क्लबका अध्यक्ष तीर्थराज तिम्सिनाको सभापतित्वमा भएको तालिमको उद्घाटन सत्रमा बुद्धशान्ति गाउँपालिका अध्यक्ष मनोज प्रसाईंको प्रमुख आतिथ्यता तथा गाउँपालिका उपाध्यक्ष भवानी खतिवडाको बिशेष आतिथ्यता, वडा नं १ का वडा अध्यक्ष अनिल वाग्ले, वडा नं २ की कार्यवाहक वडा अध्यक्ष सञ्जु पौडेलको आतिथ्यता रहेको थियो ।

तालिम उद्घाटनपश्चात् प्रमुख अतिथि अध्यक्ष प्रसाईंले प्रशिक्षार्थीहरुलाई तालिममा लिएका कुराहरुलाई व्यवहारमा समेत लागू गर्दै जान सुझाव दिएका थिए ।
तालिममा पत्रकार महासंघ झापा शाखा निवर्तमान उपाध्यक्ष केशव भट्टराई , ा चलचित्र पत्रकार महासंघ झापाका सचिव एकराज प्रधान , अर्जुनधारा प्रेस क्लबका अध्यक्ष एवम् खेलकुद पत्रकार मञ्ज झापाका पूर्व अध्यक्ष रमेश समदर्शी राईले सहजीकरण गरेका थिए ।
समापन सत्रमा प्रमुख अतिथि रहेका प्रेस क्लबका संस्थापक एवम् बुद्धशान्ति गाउँपालिका वडा नं १ का वडा अध्यक्ष अनिल वाग्लेले आफू पनि पहिले सञ्चारकर्मी भएकाले पत्रकारिता पेशाका अनुभव सुनाउँदै प्रशिक्षार्थीलाई अवसर र चुनौतीका बारेमा बताएका थिए ।
पत्रकारिता क्षेत्रको समग्र विकास गर्ने लक्ष्यका साथ सञ्चालित दुईदिने आधारभूत पत्रकारिता तालिम ग्रामीण क्षेत्रमा पत्रकारिता गर्दै आएका सञ्चारकर्मीको मागअनुसार नै तालिम प्रदान गरिएको प्रेस क्लबका अध्यक्ष तिम्सिनाले बताए । तालिम पश्चात सहभागीलाई प्रमाणपत्र वितरण गरिएको थियो ।
संस्थाका सचिब रोशन भट्टराईले सञ्चालन गरेको तालिममा उपाध्यक्ष नारायण अर्यालले कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राखेका थिए भने कोषाध्यक्ष भारती राईले सहजीकरण गरेकी थिइन् । कार्यक्रम बुधबारेस्थित बुद्धशान्ति उद्योग बाणिज्य संघको सभाहलमा भएको थियो ।

## मेचीनगरमा...

शिविरमा वडाध्यक्ष गुणराज भट्टराई (राजन), प्रमुख प्रशासकीय अधिकृत अग्निप्रसाद अधिकारी, वरिष्ठ प्रशासकीय अधिकृत अनन्तप्रकाश वस्ती, स्वास्थ्य केन्द्रका प्रदीप राजबंशीलगायतको उपस्थिति रहेको थियो ।
यो मेसिन कोशी प्रदेशभरिको एउटै हो । यही मेसिनबाट सबै पालिकामा उपचार सेवा दिइरहेको छ । सोमवार साँझ उक्त मेसिन इलामको सूर्योदय नगरपालिका लगिएको छ ।

नगरप्रमुख गोपालचन्द्र बुढाथोकीले क्षयरोगी पहिचान गरी उपचार गराउन आवश्यक भएकोले एआई प्रविधिबाट छातीको एक्सरे परीक्षणको मेसिन ल्याएर सेवा प्रदान गरिएको बताए ।
'अहिलेलाई ६ वटा वडामा मात्र उक्त शिविर सञ्चालन गरिएको छ', बुढाथोकीले भने-'आगामी वर्ष बाँकी रहेको ९ वटै वडामा उक्त शिविर सञ्चालन गरिने छ ।'
मेचीनगर नगरपालिकालाई आगामी २०८३ सालमा क्षयरोग मुक्त घोषणा गर्ने अभियान अन्तरगत यो शिविर सञ्चालन गरिएको हो ।
५ वर्षभित्र क्षयरोग मुक्त घोषणा गर्ने कार्यक्रमको ३ वर्ष सकिएर ४ वर्षमा चलिरहेको छ । पछिल्लो तीन वर्षमा ५१९ जना क्षयरोगका विरामी पहिचान गरी प्रत्यक्ष निगरानीमा उपचार भइरहेको छ ।


# आबद्ध बचत तथा ऋण सहकारी संस्था लि.

**विर्तामोड-५, जात्रुवारी झापा**

## ऋण चुक्ता गर्न आउने बारेको ३५ दिने अत्यन्त जरुरी सूचना

(सूचना प्रकाशित मिति२०८२।०१।३०गते)

यस आबद्ध बचत तथा ऋण सहकारी संस्था लिमिटेडबाट तपशिलमा उल्लेखित व्यक्तिहरुले विभिन्न समयमा लिनु भएको कर्जाको साँवा, व्याज तथा हर्जना लगायतका रकम शर्त बमोजिम समय समयमा संस्थामा दाखिला गर्नु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटकपटक मौखिक, लिखित, घरमै पुगी तथा टेलिफोनबाट जानकारी गराउँदा समेत सो कर्जा बापतको रकम चुक्ता भुक्तान गर्नेतर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले यो सूचना यस राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र यस संस्थामा सम्पर्क राखी संस्थालाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु होला । तपसिलमा उल्लेखित तपाई ऋणीहरुको उक्त समय भित्रमा कर्जा असुल नभएमा तपाई र तपाईको एकाघर परिवारको चलअचल सम्पत्तिबाट असुल उपर गरिने व्होरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।अन्यथा संस्थाको नीति नियम एवं सहकारी ऐन२०७४, नियमावली २०७५ तथा नेपाल सरकारको प्रचलित कानुन बमोजिम सम्बन्धित धितोबाट र सो धितोले नपुगेमा ऋणीलाई कालो सूचीमा सूचीकृत गरी ऋण असुली प्रक्रियामा जाने व्होरा जानकारी गराईन्छ ।

| क्र. सं. | ऋणीको विवरण | धितोको विवरण | ऋण विवरण |
|---|---|---|---|
| १. | नाम : गिता खनाल<br>ठेगाना : बाह्रदशी ५, झापा<br>ना. प्र. नं. :०४३०२१/२९४<br>बाबुको नाम : खुस नारायण खनाल<br>बाजेको नाम : नन्दलाल खनाल<br>पतिको नामः शम्भु अधिकारी | जग्गाधनीको नामःगिता खनाल<br>जग्गाधनीको बुबाको नाम : खुस नारायण खनाल<br>बाजे/पतिको नामःनन्दलाल खनाल/शम्भु अधिकारी<br>जग्गा रहेको ठेगाना : चारपाने ६, झापा<br>कित्ता नं. : १४२८, क्षेत्रफलः ३३८.६३ ब.मि. | ऋण लिएको मिति : २०७८/०९/२७<br>जमानत दिनेको<br>नाम : पुष्प प्रसाद खनाल<br><br>(३५ दिने सूचना मिति२०८०।०४।०७मा पनि प्रकाशित भएको) |
| २. | नाम : गोमाकुमारी बुढाथोकी<br>ठेगाना : अर्जुनधारा-५, झापा<br>ना. प्र. नं. : ८४०४/३०५<br>बाबुको नाम : रामबहादुर बुढाथोकी<br>बाजेको नामः सुर्य बहादुर बुढाथोकी<br>पतिको नाम : कमलबहादुर खडका | जग्गाधनीको नाम : गोमाकुमारी बुढाथोकी,<br>जग्गाधनीको बुबाको नाम : रामबहादुर बुढाथोकी<br>बाजेको नामः सुर्य बहादुर बुढाथोकी<br>पतिको नाम : कमलबहादुर खडका<br>जग्गा रहेको ठेगाना : पाराखोपी -६<br>कित्ता नं. : ७१६६ ,क्षेत्रफलः १६९.३० ब.मि. | ऋण लिएको मिति :२०७७/१०/२७<br>जमानत दिनेको<br>नाम : जनक खड्का<br>नाम : तारा बहादुर बुढाथोकी |
| ३. | नाम : जमुनादेवी इङनाम<br>ठेगाना : अर्जुनधारा - ११, झापा<br>ना. प्र. नं. : ६९७१२८२६<br>बाबुको नाम : लक्ष्मी प्रसाद इङनाम<br>बाजेको नाम : जस बहादुर इङनाम<br>पतिको नाम : चन्द्र बहादुर लिम्बु | जग्गाधनीको नाम : जमुनादेवी इङनाम<br>जग्गाधनीको बुबाको नाम : लक्ष्मी प्रसाद इङनाम<br>बाजेको नाम : जस बहादुर इङनाम<br>जग्गा रहेको ठेगाना : शनिश्चरे ५<br>कित्ता नं. : ५४२५ र ५४२७ ,क्षेत्रफलः १३५.४४ र १६.९३ ब.मि. | ऋण लिएको मिति : २०७८/०६/२२<br>परिवारिक जमानत दिनेको<br>नाम : चन्द्र बहादुर लिम्बु |
| ४. | नाम : नरेशकुमार आचार्य<br>ठेगाना : अर्जुनधारा ०९<br>ना. प्र. नं. : ०४३०१०।२०८२<br>बाबुको नाम : नविनकुमार आचार्य<br>बाजेको नाम : डिल्लीराम आचार्य | जग्गाधनीको नाम : नरेशकुमार आचार्य<br>जग्गाधनीको बुबाको नाम : नविनकुमार आचार्य<br>बाजेको नाम : डिल्लीराम आचार्य<br>जग्गा रहेको ठेगाना : शनिश्चरे ३<br>कित्ता नं. : ८२५३ क्षेत्रफल : ४२३.२८ ब.मि. | ऋण लिएको मिति : २०७७/१२/२२<br>परिवारिक जमानत दिनेको<br>नाम : सरस्वती सुवेदी आचार्य |

**ऋण असुली समिति**

**आबद्ध बचत तथा ऋण सहकारी संस्था लि.**

**विर्तामोड-५, जात्रुवारी झापा**

**०२३-५३५३९५**



# बिर्तामोड नगरपालिकाको

## अत्यन्त जरुरी सूचना

यस बिर्तामोड नगरपालिकाको सार्वजनिक क्षेत्रमा जथाभावी रुपमा फोहोर फालेको पाइएकाले यो सूचना जारी गरिएको छ। बिर्तामोड नगरपालिकाको फोहोर व्यवस्थापन गर्न जिम्मेवारी पाएको निराकार सरसफाई प्रा.लि.को फोहोर मैला ढुवानी गर्ने सवारी साधन आएको बखत उक्त ढुवानी गर्ने सवारी साधनमा फोहोर राख्नुहुन सम्बन्धित सबैमा जानकारी गराउँदछौं।

अब पनि यसैगरी जथाभावी रुपमा फोहोर मैला फालेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरासमेत जानकारी गराउँदछौं।

**बिर्तामोड नगरपालिका**
नगरपालिकाको कार्यालय, झापा
कोशी प्रदेश, नेपाल


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# बुद्धको दर्शन

छ वर्षको कठोर खोजपश्चात् पैंतिस वर्षको उमेरमा बोधिवृक्षमुनि ज्ञान प्राप्त गरेपछि बुद्धले पहिलो उपदेश वाराणसीमा पाँचजना भिक्षुहरूलाई दिएका थिए । त्यहींबाट बुद्धको दर्शन देशनाको कार्य शुरू भयो । त्यसैले यसलाई 'धर्मचक्रप्रवर्तन सूत्र' भनियो, अर्थात् धर्मको चक्र घुमाउन थालिएको सूत्र । सो सूत्रमा बुद्धले चतुर्आर्यसत्य अर्थात् चार भद्र सत्यहरू प्रस्तुत गरेका छन् । हुन त बौद्ध दर्शनका शास्त्र ठेलीका ठेली छन् । दर्शन पनि अनेक छन् – मध्यम मार्ग, प्रतीत्यसमुत्पादको दर्शन, अष्टांगिक मार्ग, शून्यताको दर्शन आदि । तर ती सबै यिनै चार सत्यकै केन्द्र वरिपरि घुमेका छन् । दुःख त लक्षण मात्र हो, मुख्य कुरा त दुःखका कारण हुन् । कारणलाई निराकरण गर्न सकेमा दुःखको उपचार सम्भव छ । बुद्धले उपचारको लागि बाटो पनि प्रशस्त गरिदिएका छन्, जसलाई आर्यअष्टांगिक मार्ग भनिन्छ, अर्थात् आठवटा अंग भएको बाटो ।

बुद्धले उपचारको लागि बाटो पनि प्रशस्त गरिदिएका छन्, जसलाई आर्यअष्टांगिक मार्ग भनिन्छ, अर्थात् आठवटा अंग भएको बाटो । दुःख मुक्तिको बाटोमा लाग्नेले त्यो मार्गमा आफैं यात्रा गर्नुपर्छ । बुद्ध धर्ममा कुनै देवता वा गुरूको कृपाले मुक्ति पाइन्छ भन्ने कुरालाई मानिंदैन । बुद्ध बारम्बार भन्छन्, "मैले त मात्र बाटो देखाउनसक्छु । आफ्नो यात्रा त आफैंले तय गर्नुपर्छ ।" अलौकिक भनिने सत्य विश्वासको कुरा हो, तर दुःख त सबैले महसूस गर्ने विषय हो । किनभने दुःख सबैको जीवनमा छ । कति कवि, लेखक, दार्शनिकले त भने – जीवन भनेकै दुःख हो । जीवनमा हामीलाई कुनै न कुनै दुःख वा समस्या भइ नै रहन्छ । यो यथार्थ हो । सुख त क्षणिक मात्र हो । हामी दुःखैमा जन्मिन्छौं, दुःखैमा बाँच्छौं, दुःखैमा मर्छौं । यही जीवनको कटु सत्य हो । अर्थात्, संसारमा दुःख नै अधिक छ ।

कुनै कुनै धर्मावलम्बीहरूले बौद्ध दर्शनलाई निराशावादी दर्शन पनि भन्ने गरेका छन् । यसको कारण हो बुद्धको दुःखवादी दर्शन । तर बुद्धको दर्शन दुःख वा निराशाबाट सुरु भए पनि निराशावादी दर्शन होइन । किनभने यसले संसारलाई दुःखमय मात्र भन्दैन, बरु त्यो दुःखको निवारण छ भनेर आशावादी पनि बनाउँछ ।

Pratidin National Daily प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# मजदुरको पारिवारिक सुरक्षा



• सत्यराम कासिछ्वा

नेपालबाट अहिले दैनिक दुई हजारभन्दा बढी श्रम गर्ने जनशक्ति शिक्षा तथा रोजगारीको नाममा विदेश पलायन भइरहेका छन् । देशभित्रको खनिज, वनस्पति, जडीबुटीलगायत अन्य प्राकृतिक स्रोतसाधनको उचित प्रयोग गर्ने र गराउने वातावरण सिर्जना नहुँदा वर्षको कानुनी र गैरकानुनी रूपमा झन्डै १० लाख युवा बिदेसिन बाध्य छन् । आर्थिक तथा सामाजिक क्षेत्रको विभिन्न तहमा रोजगारी पाएकाहरू समेत नेपालको श्रम तथा सेवा क्षेत्रको सही व्यवस्थापन र मर्यादित हुन नसक्दा देश छाड्ने प्रवृत्ति बढेको छ । यसमा डाक्टर, इन्जिनियर, पाइलट, नर्सिङ, वकिल, शिक्षक जस्ता दक्ष तथा योग्य एवं सक्षम जनशक्तिलगायत अन्य श्रमिक तथा मजदुरी गर्ने अर्धदक्ष जनशक्ति रहेका छन् ।

सरकारी सेवा सुविधा र औपचारिक क्षेत्रमा रहेका सेना, प्रहरी, निजामती, शिक्षक जस्ता श्रमिकले समेत आफ्नो भविष्य सुनिश्चित नदेखेर विदेश पलायन हुँदा अन्य क्षेत्रका श्रमिक र नयाँ पुस्ताको हालत कस्तो होला भनेर सजिलै अनुमान लगाउन सकिन्छ । नेपालमा ६० प्रतिशतभन्दा बढी अनौपचारिक अर्थतन्त्रमा रहेका व्यवसायले विशेष गरेर दैनिक ज्यालादारीमा काम गर्ने रोजगारीको सिर्जना गरेको पाइन्छ । जहाँ सरकारी योजनाको पहुँच नहुँदा ज्यालादारी मजदुरको लामो समयसम्म रोजगार हुने अवसर नै हुँदैन । नेपालको सन्दर्भमा परम्परादेखि अर्थतन्त्रमा ८० प्रतिशतभन्दा बढी योगदान दिई खेती किसानी गर्दै आएका कृषकलाई अनौपचारिक अर्थतन्त्रको रूप दिई सरकारले कृषकमाथि अन्यायपूर्ण विभेद गरेको छ । जीवनको ९० प्रतिशत खेती किसानीमा लागेको ती कृषकको हक अधिकार सुनिश्चित छैन ।

विगतमा त्यही कृषिबाट आर्थिक र सामाजिक रूपमा सुरक्षित भई देश र जनताको जीवनलाई चलायमान बनाउन खेतीकिसानी गर्ने कृषकप्रति राज्यको सम्मान र सहयोग पनि हुन्थ्यो । अहिले आधुनिकताको नाउँमा सेना, प्रहरी, निजामती, शिक्षक जस्ता सेवा क्षेत्रलाई स्थायीसँगै पेन्सन तथा ग्रेड एवं महँगी भत्ताको व्यवस्था गरेर कुनै किसिमको सम्झौताबिना कृषकको निःस्वार्थी सेवालाई अवमूल्यन गरिरहेको छ । जसको प्रतिफल आज कृषि क्षेत्रमा काम गर्ने कृषकलाई हेलाँको दृष्टिकोणले हेरिरहेको छ । व्यापार, व्यवसाय, निर्माण तथा वस्तु उत्पादन सेवामा संलग्न अनौपचारिक अर्थतन्त्रका मजदुरको पीडा र समस्या कृषकको जस्तै मिल्दोजुल्दो छ ।

हरेक श्रमिकले आठ घण्टा काम गर्नुपर्ने अन्तर ाष्ट्रिय नीति तथा मापदण्ड अनुरूप औपचारिक क्षेत्रका मजदुरले प्रचलित कानुनबमोजिम श्रम सम्झौता, नियुक्तिपत्र, सञ्चयकोष तथा उपदान, ग्रेड रकम एवं महँगी तथा पोसाक भत्ता जस्ता सेवासुविधासहित जम्मा छ घण्टा मात्रै काम गरिरहेका छन् । अनौपचारिक क्षेत्रका मजदुरले दैनिक १० देखि १२ घण्टा काम गर्दासमेत औपचारिक क्षेत्रका मजदुरको जस्तो सेवा सुविधा पाउन सकेका छैनन्, बरु वञ्चित गरिएको छ ।

अनौपचारिक क्षेत्रका मजदुरको रूपमा रहेका कृषक उत्पादनको एक मात्र सक्रिय साधन हो । संसारमा कृषकबिना वस्तु तथा सेवाको उत्पादन असम्भव छ । कृषकले उत्पादनमा लगाएको श्रमको हिस्साको रूपमा पाएको ज्यालाबाट परिवारको दैनिक गुजारा चलाएको हुन्छ । कृषक आफ्नो जीवनकालभरि नै उत्पादनमा सक्रिय भएका हुन्छन् । तैपनि उसले कुनै प्रकारको सुरक्षाको प्रत्याभूति गर्ने मौका नै पाउँदैन । जसलाई हामीले उत्पादनशील श्रमिकका रूपमा परिभाषित गरी सम्मान गर्नु पर्छ ।

कुनै पनि देशको सामाजिक र आर्थिक विकासमा उत्पादनशील वा अनौपचारिक श्रमिकको महत्वपूर्ण भूमिका रहन्छ । तिनीहरू शारीरिक, मानसिक, आर्थिक तथा सामाजिक रूपले सुरक्षित भएमात्र उनीहरूबाट राष्ट्रले चाहेको लाभ लिन सकिन्छ । औपचारिक श्रमिकभन्दा अनौपचारिक श्रमिकले हरबखत सामाजिक सेवामा निरन्तर कुनै न कुनै रूपमा लागेका हुन्छन् । तैपनि अनौपचारिक श्रमिकलाई कसैले पनि सम्मान दिन सकेको छैन ।

अनौपचारिक तथा उत्पादनशील क्षेत्रका श्रमिकले कुनै प्रकारको उमेर हद नमानी रोगव्याधि, महामारी तथा जस्तोसुकै दुर्घटना हुँदासमेत परिवार पाल्न उत्पादन तथा निर्माण, व्यापार व्यवसायमा लागेका हुन्छन् ।

जस्तोसुकै व्यवस्था पनि आफ्नै आर्थिक लगानी गरी स्वरोजगार हुँदै विभिन्न किसिमका शारीरिक मानसिक जोखिम मोलेर तिनीहरूले देश र समाजप्रति गरेको अप्रत्यक्ष उक्त सेवालाई सरकारले पेन्सन दिएर सम्मान गर्न सकेको छैन । औपचारिक क्षेत्रका श्रमिकलाई उमेर हद मानी रोगव्याधि, महामारी तथा जस्तोसुकै दुर्घटनामा आर्थिक तथा सामाजिक सुरक्षाको प्रत्याभूति स्वरूप ग्रेड, महँगी भत्तालगायत पेन्सनको सुविधा दिँदै सुरक्षित बनाएको छ । तिनीहरू आजको कामलाई भोलिवाद प्रवृत्ति अपनाई पुस्तौंपुस्ताका लागि सम्पत्ति जोड्न भ्रष्टाचार ासमेत भएको छ । साथै देश र समाजप्रति गर्नुपर्ने जिम्मेवारीबोधबाट टाढा भाग्न अनेकौं बहानाबाजी गर्ने परिपाटीले जनता आजित भएका छन् ।

गणतान्त्रिक तथा संघीयतासहितको प्रजातान्त्रिक देशमा औपचारिक क्षेत्रका श्रमिकको कुनै आर्थिक लगानी वा शारीरिक जोखिम मोल्नुपर्ने अवस्थासमेत छैन । औपचारिक श्रमिकबाट सुरु गरिएकोमा सामाजिक सुरक्षा कोष परिवर्तन गरेर कृषिलगायत उत्पादनको क्षेत्रमा आफ्नो आर्थिक लगानी गरेर स्वरोजगार हुँदै विभिन्न किसिमका शारीरिक मानसिक तथा आर्थिक जोखिम मोल्ने अनौपचारिक क्षेत्रका श्रमिकलाई अब प्रमुख प्राथमिकता दिनु पर्छ । एकातिर तिनीहरू सरकारी र त्यसका निकायसँग प्रत्यक्ष सम्पर्कमा नरहँदा कानुनी रूपमा दर्ता नभएकाले लामो समयदेखि कानुनबमोजिम सेवा सुविधाप्राप्त सकिरहेको छैन भने अर्कोतिर सरकार मुकदर्शक भई रेमिट्यान्सको लोभमा वैदेशिक रोजगारमा संलग्नलाई सामाजिक सुरक्षाकोषमा छनोट गर्ने गरेको छ ।

यस क्रममा २०७५ मङ्सिर ११ देखि केही सङ्गठित निजी क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षाकोषमा सूचीकृत गरियो भने २०७९ चैत आठदेखि वैदेशिक रोजगार र स्वरोजगारका श्रमिकलाई पनि सामाजिक सुरक्षाकोषमा सूचीकृत गरिएको छ । तैपनि बहुसंख्यक कृषक, ज्यालादारी मजदुर जस्ता अनौपचारिक श्रमिकलाई उक्त सामाजिक सुरक्षा कोषमा समेट्न सकेको छैन । २०७२ मा जारी संविधानले समतामूलक समाज समाजवादउन्मुख राजनीतिक तथा आर्थिक प्रणाली स्थापनाका लागि हरेक श्रमिकको सामाजिक सुरक्षासहितको अधिकार प्रयोग गर्न पाउने परिकल्पना गरेको छ । सामाजिक सुरक्षाकोषले नागरिकको शिक्षा, स्वास्थ्य, रोजगारीको अवसर तथा सहुलियत र बिनाभेदभाव सम्मान पाउने वातावरण बनाउँछ ।

उत्पादनशील तथा अनौपचारिक श्रमिक शारीरिक, मानसिक, आर्थिक तथा सामाजिक रूपमा सुरक्षित हुँदा उत्पादन र उत्पादकत्वमा वृद्धि भई उचित प्रतिफल उत्पादक वा रोजगारदाताले प्राप्त गर्ने भएकाले ती उत्पादनमूलक क्षेत्रमा काम गर्ने जस्तोसुकै तहको श्रमिकलाई राज्यले पेन्सन र अन्य शीर्षकको भत्ताको व्यवस्था गरिनु पर्छ । निश्चित शैक्षिक योग्यतासहित सेवा क्षेत्रमा काम गर्ने औपचारिक वा सेवा क्षेत्रमा काम गर्ने श्रमिकलाई प्रदान गर्ने तलबबाहेक ग्रेड रकम, महँगी तथा पोसाक भत्ता तथा पेन्सनको खर्च सरकारले धान्न नसक्ने अवस्थामा वैदेशिक ऋण तथा अनुदान माग्नु परेको अवस्था छ ।

उत्पादनशील तथा अनौपचारिक श्रमिकले देशको विकास र समृद्धिका लागि आफ्नो भएको शैक्षिक योग्यतासहित विभिन्न तालिममा सहभागीसमेत भएका हुन्छन् । साथै तिनीहरूले रगत र पसिना बगाएर आफ्नो व्यक्तिगत लगानीसहित वस्तु तथा सेवाको उत्पादन गर्ने गर्छन् । उत्पादनशील तथा अनौपचारिक श्रमिकको योगदानलाई अवमूल्यन हुने गरी औपचारिक श्रमिकलाई तलबसहित ग्रेड रकम, महँगी र पोसाक भत्ता तथा पेन्सन खर्च जस्ता सामाजिक सुरक्षाकोषको व्यवस्था गर्नु उत्तम होइन ।

औपचारिक तथा सरकारी क्षेत्रमा भनसुन, शक्तिको आडमा नियुक्ति भएका हरेक कर्मचारी तथा मजदुरको अस्थायी सेवा गणना गरेर ग्रेड वृद्धि तथा बढुवाका लागि दैनिक कामलाई थाती राखेर आन्दोलन तथा हडताल गर्ने परिपाटी छ । अनौपचारिक क्षेत्रमा आफ्नो लगानी गरेर शारीरिक तथा मानसिक जोखिम मोल्ने मजदुरप्रति कुनै पनि सरकारी वा गैरसरकारी निकाय वा संघ संस्थाले आशाको किरण छर्ने प्रयास गरेको समेत छैन । तैपनि तिनीहरू आफ्नो पारिवारिक जीवन सहजताका लागि दैनिक काममा नै खट्ने र व्यस्त रहने गर्छ ।

संविधान र संघीयताको मर्म अनुकूल जोखिम मोल्ने हरेक प्रकारका श्रमिक तथा मजदुरको पारिवारिक सुरक्षाका लागि आवश्यक प्रबन्ध मिलाउनु राज्यको कर्तव्य हो ।

# बालगृहको संरक्षणमा राखिने बालबालिका



• विष्णुकुमारी लामिछाने

वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको संरक्षणका लागि स्थापना गरिएका गृह नै बालगृह हुन् । बालबालिकासम्बन्धी स्थिति पत्र प्रतिवेदन, २०८१ बमोजिम नेपालमा तीन सय ९६ वटा बालगृहमा हाल १० हजार ८८२ जना बालबालिका आश्रय लिइरहेका छन् । अनाथ, पारिवारिक जोखिममा रहेका, निकृष्ट श्रम वा कुलतको जोखिममा परेका, बाल बिज्याइमा परेका, परित्याग गरिएका लगायतका बालबालिकालाई बालगृहमा राख्न पाइने व्यवस्था छ । यसको बाबजुत कानुनी विधि, प्रक्रिया र आवश्यकताभन्दा बाहिर गएर बालगृहमा बालबालिका संरक्षणमा राख्ने कार्य भइरहेको छ ।

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४८ मा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको बारेमा उल्लेख गरिएको छ । जसमा अनाथ, अस्पताल वा अन्य कुनै सार्वजनिक स्थानमा अलपत्र अवस्थामा छाडिएका वा फेला परेका, बाबुआमाबाट अलग्गिएका वा बाबुआमा पत्ता नलागी बेवारिसे भएका, बाबुआमालाई गम्भीर शारीरिक वा मानसिक अपाङ्गता भएको कारण उचित हेरचाह नपाएका, थुनामा रहेका बन्दी बाबुआमासँगै रहेका बालबालिका पर्छन् ।

ऐनले विपन्न दलित समुदायका बालबालिका र कानुनी विवादमा परेका बालबालिकामध्ये दिशान्तर प्रक्रिया अन्तर्गत वैकल्पिक हेरचाहका लागि सिफारिस भएका बालबालिका समेत विशेष संरक्षणको आवश्यकता भएका बालबालिका भनी उल्लेख गरेको छ । विपन्नताको कारण कुनै एक मात्र जाति विशेषका बालबालिकालाई संरक्षण गर्ने व्यवस्था हुनु पक्कै पनि औचित्यपूर्ण हुँदैन होला । उसो त अन्य समुदायमा पनि विपन्नता त छँदै नै छ । अर्कोतर्फ कानुनी विवादमा परेका बालबालिकालाई दिशान्तर प्रक्रिया अन्तर्गत वैकल्पिक हेरचाहका लागि सिफारिस गर्ने व्यवस्था छ तर व्यवहारमा देखिँदैन । बालविज्याईंमा परेका बालबालिकालाई दिशान्तरको बाबजुद खचाखच गरी बालसुधारगृहमा नै राख्ने परिपाटी छ ।

बालगृहमा बालबालिका राख्दा धेरै प्रक्रिया अवलम्बन गर्नुपर्ने हुन्छ । वैकल्पिक हेरचाहको आवश्यकता भएका अनाथ, बेवारिसे, उचित हेरचाह नपाएका, अदालतबाट वैकल्पिक हेरचाहका लागि सिफारिस भएका, बाबुआमासँग आश्रित कारागारमा रहेका, पालन पोषण गर्न नसक्ने भनी बालकल्याण अधिकारीसमक्ष निवेदन दिएका तथा उच्चतम हितका लागि परिवारबाट अलग गरिएका बालबालिका लाई बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ४९ बमोजिमको प्रक्रिया पूरा गरी बालकल्याण अधिकारीले अन्तिम विकल्पका रूपमा बालगृहमा राख्ने व्यवस्था मिलाउनुपर्ने हुन्छ । प्रत्येक स्थानीय तहमा ऐनको दफा ६१ र बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ८१ बमोजिम बालकल्याण अधिकारी तोकिने वा नियुक्ति गर्नुपर्ने व्यवस्था रहेको छ ।

बालकल्याण अधिकारीले वैकल्पिक हेरचाहको व्यवस्था मिलाउँदा सर्वप्रथम बालबालिकाको बाबु वा आमातर्फको नातेदारलाई पहिलो प्राथमिकतामा राखी नातेदारको खोजी र व्यवस्थापन गर्नु पर्छ । त्यस्तो उपयुक्त अवस्था नरहेमा बालबालिकालाई हेरचाह गर्न इच्छुक परिवार वा व्यक्तिसँग राख्ने व्यवस्था मिलाउनुपर्ने हुन्छ । इच्छुक परिवार वा व्यक्ति नभएमा बालबालिकालाई परिवारमा आधारित हेरचाह गर्ने संस्थामा पठाउनु पर्छ । यो विकल्प पनि पूरा गर्न नसकेको अवस्थामा मात्र अन्तिम विकल्पका रूपमा वैकल्पक हेरचाहको आवश्यकता भएका बालबालिकालाई मात्र बालगृहमा राख्न सकिने कानुनी व्यवस्था रहेको छ ।

अत्यन्तै कठिन परिस्थितिमा रहेका बाहेक अन्य बालबालिबालाई बालगृहमा राखिनु हुँदैन । कानुनले अन्तिम विकल्पमा बालगृहलाई व्याख्या गरिरहँदा परिवार र आफन्त नै विभिन्न बहानामा बालबालिकालाई बालगृहमा राख्न खोजिरहेका हुन्छन् । बाबुको वा आमाको मृत्यु भएको, आर्थिक अवस्था कमजोर भएको, बाबु वा आमाले अर्को विवाह गरेको, बाबु वा आमा जेलमा परेको, सम्बन्ध विच्छेद भएको लगायतका बहानामा अन्य विकल्पको खोजी नगरी सिधै बालगृहको खोजीमा स्वयम् अभिभावक नै रहेको पाइन्छ । छोराछोरीको पढाइ मात्र सबैथोक हो, बालगृहमा बसेपछि पढाइ राम्रो गर्छन् भन्ने सङ्कुचित बुझाइ भएका अभिभावकले उनीहरूको चौतर्फी विकासको बारेमा कहिल्यै सोचेनन् ।

वैदेशिक रोजगारीमा जानका लागि वा अर्को विवाह गर्न सन्तानको अल्झनबाट मुक्ति खोज्ने बाबुआमाको पनि कमी छैन । आफैँसँग हुर्काउँदा दुःख सुख, पिर मर्का, आफ्नो परिवेशको बुझाइ साथै सामीप्यतामा वृद्धि हुन्छ भन्ने धारणाको विकास नहुँदा अभिभावकले आफ्नै बालबालिकालाई टाढा बनाउने गरेका छन् । बालबालिकालाई बालगृहमा राख्दा उनीहरूको मानसिक, भावनात्मक, संवेगात्मक विकासको अलावा पारिवारिक र सामाजिक व्यवहारको सिकाइ अपेक्षित मात्रामा हुन सक्दैन । त्यसै गरी आफ्नो संस्कृति, परम्परा, चालचलन र संस्कारबाट अलग हुन पुग्छन्, जसको कारण उनीहरूको जीवनमा धेरै असर पुगिरहेको हुन्छ । यस विषयमा अभिभावकलाई छोराछोरीप्रतिको जिम्मेवारीका बारेमा राम्रोसँग बुझाउन सकिएको छैन ।

कतिपय बालगृह कानुनी रूपमा अनुमति नलिई सञ्चालनमा रहेका छन् । अनुमति लिएका मध्ये केहीले नियमित नवीकरणसमेत गरेका छैनन् । सबै स्थानीय तहमा बाल कल्याण अधिकारी नियुक्ति भई नसक्नु र स्थानीय बाल अधिकार समिति गठन भई क्रियाशील नरहनुले पनि यस्ता गतिविधि मौलाउँदै गएका छन् । जिल्ला प्रशासन कार्यालय, राष्ट्रिय बाल अधिकार परिषद् साथै महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट समेत सघन अनुगमन गरी कानुनी दायरामा बालगृहलाई ल्याउन सकिएको छैन ।

स्थानीय तहमा कार्यरत बाल कल्याण अधिकारीलाई बालबालिकालाई बालगृहमा सिफरिस गर्न अनावश्यक दबाबसमेत दिने गरिन्छ । बालबालिकालाई बालगृह पठाउने र सोपश्चात् कागजी प्रक्रिया पूरा गर्न सिफारिस खोज्ने उल्टो परिवेशसमेत नभएको होइन । एकातर्फ कुनै पनि तालिम वा क्षमता विकासको अवसर प्राप्ति नहुनु अर्कोतर्फ कार्यक्षेत्रमा दबाब र व्यवस्थापनको झमेलामा परिरहनुले तोकिएका बाल कल्याण अधिकारीले दक्षतापूर्ण तबरले काम गर्न नसकेको तितो यथार्थ छ । बालगृह सञ्चालक बालबालिका सम्बन्धी ऐन, २०७५ तथा नियमावली, २०७८ जारी भएपश्चात् बालकल्याण अधिकारीको सिफारिस बेगर बालबालिका ग्रहण नगर्नुपर्नेमा खोजी गरी गरी बालगृह भरिभराउ राख्ने कार्य गर्दै आएका छन् । वडा कार्यालयको मात्रै सिफारिस लिएर आर्थिक रूपमा विपन्न परिवारको, बाबु वा आमा गुमाएको वा कारागारमा भएको, कुलतमा लागेको, मामाघर वा आफन्तकोमा रहेको लगायत उद्धारका विभिन्न बहानामा बालबालिकालाई बालगृहमा राख्ने गरेका छन् । यसरी कानुन विपरीत बालबालिका राख्ने बालगृहलाई यथाशीघ्र कानुनी दायरामा ल्याउनु पर्छ ।

बाबु वा आमामध्ये कसैको साथ पाएका, परिवारका अन्य सदस्यको विकल्प भएका, आफन्त भएका बालबालिकालाई बालगृहमा राख्नु हुँदैन । जन्म दिने बाबुआमाले आफ्नो जिम्मेवारीबाट टाढा रहेर बालबालिकालाई आफूसँग नराख्ने हो भने बालबालिका पनि कर्तव्य विमुख हुन पुग्छन् । बालगृहमा बस्ने बालबालिकाको चौतर्फी विकास सम्भव नै छैन । जन्म दिने बाबुआमा र आश्रित परिवारले दिन नसकेको माया, ममता, हेरचाह र संरक्षण अरूबाट कदापि हुन नसक्ने भएको हुँदा विकल्पविहीन बालबालिकालाई मात्र बालगृहमा रहने बस्ने व्यवस्था मिलाउनु पर्छ ।

# टेष्ट क्रिकेटबाट विराट कोहलीले लिए सन्यास




झापा(प्रस) । भारतीय क्रिकेटर विराट कोहलीले टेष्ट क्रिकेटबाट सन्यास घोषणा गरेका छन् ।
कोहलीले सोमबार सामाजिक सञ्जालमा एक पोष्ट गर्दै टेष्ट क्रिकेटबाट सन्यास लिने घोषणा गरेका हुन् ।
क्रिकेटको लामो फर्म्याटमा कोहलीले १२३ खेल खेल्दै ४६.८५ को औषतमा ९ हजार २३० रन बनाएका छन् ।
'टेष्ट क्रिकेटमा मैले पहिलो पटक ब्याग्गी ब्लु जर्सी लगाएको १४ वर्ष भइसक्यो । इमानदार भएर भन्नुपर्दा, यो फर्म्याटले मलाई जहाँसम्म ल्याउँछ भन्ने मैले कहिल्यै कल्पना गरेको थिइनँ । यसले मलाई परिक्षण गर्‍यो, आकार दियो, र जीवनभर पाठहरू सिकायो,' कोहलीले पोष्टमा लेखेका छन् ।
'अब म यो फर्म्याटबाट टाढा हुँदैछु, यो सजिलो थिएन । तर मलाई ठीक जस्तो लाग्छ । मैले यो खेललाई जति दिन सक्थैँ, सबै दिएको छु, र यसले मलाई मैले सोचेभन्दा धेरै दिएको छ ।' उनले भने ।
कोहलीले सधैँ मुस्कानका साथ आफ्नो टेस्ट करिअरलाई फर्केर हेर्ने बताएका छन् ।
कोहलीले सन् २०११ मा वेस्ट इन्डिजविरुद्ध टेस्टमा डेब्यु गरेका थिए । त्यसको तीन वर्षपछि उनी कप्तान बने।

उनले भारतका लागि ६८ वटा टेस्ट खेलमा कप्तानी गरे । जुन कुनै पनि भारतीय कप्तानले टेष्टमा कप्तानी गरेको धेरै हो । तीमध्ये केवल १७ खेल (२५ प्रतिशत) मात्र हारेका थिए । ५८.८२ प्रतिशत जित (४० जित, ११ बराबरी) सहित कोहली भारतका सबैभन्दा सफल टेस्ट कप्तानका रूपमा चिनिन्छन् ।

कोहलीको कप्तानीमा भारतले सन् २०१९ मा पहिलोपटक अष्ट्रेलियामा टेस्ट शृंखला जितेको थियो । उनको अन्तिम टेस्ट खेल पनि अष्ट्रेलियामै (सिड्नी) यसै वर्षको सुरुमा भएको बोर्डर-गावस्कर ट्रफीअन्तर्गतको खेल थियो । उक्त खेल अष्ट्रेलियाले ६ विकेटले जितेको थियो ।
कोहलीले टेष्ट क्रिकेटमा ३० शतक र ३१ अर्धशतक प्रहार गरेका छन् । उनले सन् २०१९ मा दक्षिण अफ्रिका विरुद्ध बनाएको अविजित २५४ रन उनको उच्च स्कोर हो ।
रोहित शर्माले टेष्टबाट सन्यास लिएको केही दिनपछि नै कोहलीले पनि टेष्टबाट सन्यास घोषणा गरेका हुन् ।

# हिमालबाट ७७ करोड रोयल्टी सङ्कलन



झापा(प्रस) । यस वर्षको वसन्त ऋतुको हिमाल आरोहणबाट ७७ करोड रुपैयाँ भन्दा बढी रोयल्टी सङ्कलन भएको छ । पर्यटन विभागको पर्वतारोहण शाखाका अनुसार आइतबारसम्म ७७ लाख ३५ लाख ८७ हजार ९१५ रुपैयाँ रोयल्टी जम्मा भएको हो ।

सगरमाथाबाट मात्रै ६७ करोड ६० लाख ९ हजार २८ रुपैयाँ रोयल्टी प्राप्त भएको छ । सर्वोच्च शिखर सगरमाथासहित २६ हिमाल आरोहणका लागि ११९ आरोही समूहका दुई सय ४० महिला र ८८७ पुरुष गरी कूल एक हजार १२७ जनाले आरोहण अनुमति लिएका छन् ।

विभागका निर्देशक लीलाधर अवस्थीका अनुसार सबैभन्दा बढी सगरमाथा आरोहणमा ४५ आरोही समूहका ८४ महिला र ३७२ पुरुष गरी कूल ४५६ आरोहीले आरोहण अनुमति लिएका छन् । सगरमाथा आरोहणका लागि ५७ देशका आरोही आएका हुन् । आमादब्लममा १० समूहका १०२, ल्होत्सेमा नौ समूहका १०७, मकालुमा आठ समूहका ७९, कञ्चनजङ्घामा सात समूहका ७५, नुप्सेमा छ समूहका ७६ र अन्नपूर्णमा छ समूहका ६६ आरोही छन् ।
वसन्त ऋतु सगरमाथासहितका हिमाल आरोहणका लागि उपयुक्त मौसम मानिन्छ । यो याममा सगरमाथा आरोहणका लागि विश्वभरबाट उल्लेख्य संख्यामा आरोही आउँछन् । आरोहण अनुमति जारी रहेकाले अझै संख्या बढ्न सक्ने विभागको अनुमान छ ।

# वराहक्षेत्रमा प्रकोप नियन्त्रण गरिँदै

झापा(प्रस) । सप्तकोशी नदीको बाढी र कटानको जोखिममा पर्दै आएको वराहक्षेत्र मन्दिर परिसरमा प्रकोप नियन्त्रणका लागि काम सुरु गरिएको छ । वराहक्षेत्र मन्दिर परिसरमा प्रकोप नियन्त्रणका लागि प्रदेश सरकारको प्राकृतिक प्रकोप नियन्त्रण योजनामार्फत काम सुरु गरिएको हो ।

वराहक्षेत्र नगरपालिका-१ मा रहेको वराहक्षेत्र मन्दिर हरेक वर्ष सप्तकोशी नदीमा आउने बाढीसँगै मन्दिर क्षेत्र र जोडिएको बस्ती जोखिममा पर्दै आएको छ । सप्तकोशी र कोकाह नदीको सङ्गमबाट करिब तीन सय फिटमाथि रहेको मन्दिर परिसरमा वर्षामा आउने बाढीको प्रकोपबाट हुन सक्ने क्षति रोक्न काम सुरु गरिएको वराहक्षेत्र मन्दिर गुठी व्यवस्थापन समितिका भक्तबहादुर श्रेष्ठले बताए । उनले भने, "कङ्क्रिटको ढलान गरेर माटोलाई थाम्ने काम गरिँदै छ । प्रदेश सरकारको ३० लाख रुपियाँ बजेटबाट काम भइरहेको छ ।" प्रत्येक वर्ष सप्तकोशी नदीमा आउने बाढीले मन्दिर परिसर क्षेत्रको पूर्वी किनारमा धक्का दिँदै आएको थियो । गत वर्ष आएको बाढीले मन्दिर परिसरमा रहेको वराह श्राद्धस्थल, गणेशमन्दिर, शनिमन्दिर, साकेला पार्क र शौचालयमा बाढीले क्षति पुर्‍याएको मन्दिर व्यवस्थापन समितिले जनाएको छ । वराहक्षेत्र मन्दिरसँगै जोडिएको १५० घरपरिवार नदीको जोखिममा पर्दै आएका छन् । तीन पुस्तादेखि बसोवास गर्दै आएको बस्ती जोखिममा पर्दा स्थानीय चिन्तित छन् ।

तीन हजार वर्षअघिको इतिहास बोकेको वराहक्षेत्र मन्दिर नदीको जोखिममा परेपछि चिन्ता थपिएको अध्यक्ष श्रेष्ठ बताउँछन् । उनले भने, "१५ औँ शताब्दीको इतिहास रहेका प्राचीन मूर्ति वराहक्षेत्र मन्दिर बाढी पहिरोको उच्च जोखिममा पर्दै आएको छ । वराहक्षेत्र मन्दिरको अस्तित्व जोगाउन सबैको साथ र सहयोग आवश्यक छ ।"

# पाँच विदेशीसहित १० जनाले गरे कञ्चनजंघा हिमालको आरोहण

झापा(प्रस) ।पाँच विदेशीसहित १० जनाले कञ्चनजंघा हिमालको सफल आरोहण गरेका छन् ।
आफ्नो कम्पनीबाट गएकाहरु हिमाल आरोहण गरेर फर्कने क्रममा रहेको सेभेन समिट ट्रेक्सका प्रबन्धक मिङ्मा शेर्पाले जानकारी दिए ।
८ हजार ५ सय ८६ मिटर उचाइको कञ्चनजंघा नेपालको दोस्रो तथा विश्वको तेस्रो अग्लो हिमाल हो ।
आरोहण गर्नेमा बेलायत, इरान, कोसोभोका नागरिक र नेपाली रहेका छन् । लाक्पा तेम्बा शेर्पाले उनीहरुलाई मुख्य गाइड गरेको उनले जानकारी दिए । यस वर्ष नेपाल र भारतको संयुक्त सैन्यसहित यो हिमाल आरोहण गर्ने विदेशीको संख्या उल्लेख्य रहेको छ ।
इलाइट एक्सपिडिसन काठमाडौंका निर्देशक मिङ्मा डेभिड शेर्पाका अनुसार अरु ६३ जना आरोही र उनीहरुका गाइड हिमाल आरोहणका लागि कञ्चनजंघा क्षेत्रमा छन् । त्यसमा १५ जना महिला आरोही रहेको शेर्पाले जानकारी दिए । यस वर्ष इलाइट कम्पनीले यहाँको बाटो बनाएको थियो । आफ्नो कम्पनीका ९ जना यसअघि ४० मिटर नजिकसम्म पुगेर फर्किएको उनले बताए ।

# बुद्ध दर्शन हाम्रा लागि सम्पत्ति : मुख्यमन्त्री कार्की



झापा(प्रस) । कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले विश्व शान्ति र विकासको खोजीमा रहेको जनाउँदै गौतमबुद्धको दिव्य ज्ञानलाई अँगाल्दै अगाडि बढेमा शान्ति र समृद्धि प्राप्त हुने बताएका छन् ।
बुद्धजयन्तीको अवसरमा शुभकामना सन्देश जारी गर्दै उनले विश्व शान्तिका अग्रदूत गौतमबुद्धको जन्मजयन्तीको यस अवसरमा शान्ति र अहिंसाको माध्यमबाट विकास र समृद्धिको पथमा लम्किरहेका स्वदेशी तथा विदेशी नागरिकहरूप्रति उच्च सम्मान व्यक्त गरेका छन् ।
उनले विश्व शान्ति र अहिंसाको खोजीमा रहेको चर्चा गर्दै सुन्दर, विशाल र शान्त भूमिमा जन्मिएर गौतमबुद्धले देखाको सत्मार्गलाई आत्मसात् गरेर अघि बढ्न सके संसार शान्तिको बाटोमा उभिन सक्ने विश्वास व्यक्त गरेका छन् ।
गौतमबुद्धको दिव्य ज्ञानलाई विश्वका कुनाकुनामा फैलाउन सके नेपालको मात्र होइन, विश्वकै उन्नति र प्रगति हुने आशा व्यक्त गर्दै मुख्यमन्त्री कार्कीले शान्तिका प्रतीकका रूपमा रहेका गौतमबुद्धको जन्मभूमि नेपाल हुनु र यहाँबाट हामीले शान्तिको सन्देश विश्वभर फैलाउन सक्नु हाम्रो गौरवको विषय भएको उल्लेख गरेका छन् ।

# सरकारलाई फेसबुक र एक्सले टेरेनन्

झापा(प्रस) । नेपाली कांग्रेस- नेकपा एमाले नेतृत्वको सरकारले नियमन गर्न भन्दै पटक पटक सामाजिक सञ्जालहरूलाई सूचीकरण हुन पटक पटक पत्राचार गरे पनि उनीहरूले अटेर गरेका छन् ।
सञ्चार तथा सूचना प्रविधि मन्त्रालयकाअनुसार अहिलेसम्म चार वटामात्रै सामाजिक सञ्जाल सूचीकृत भएका छन् । नेपालमा ४० वटा भन्दा बढी सामाजिक सञ्जाल सञ्चालित छन् ।
भाइबर, विइटक, टिकटक, निम्बज मात्र नेपालको कानुनअनुसार सूचीकृत भएका छन् । मेटा अन्तर्गत फेसबुक, इन्स्टाग्राम, थ्रेडस सूचीकरण भएको छैन । त्यस्तै विश्वकै धनि इलन मास्कको



एक्स , स्न्यापच्याट, लिङदिन, विइच्याट, युटुब,टेलिग्राम,ट्वुथ,ग्रेटर, रेँडिट, लाइन लगायत नेपालमा सञ्चालित छन् । यी पनि नेपालको कानुनअनुसार संचारमन्त्रालयमा सूचीकृत हुन अटेर गरिरहेका छन् ।
इलेक्ट्रोनिक कारोबार ऐन २०६३ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी सरकारले सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका ल्याएको थियो । सोही बमोजिम सञ्चार मन्त्रालयले २०८० मंसिर १५ गते पहिलो पटक सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालन गर्न चाहने व्यक्ति, कम्पनी वा संस्थाले आफ्नो सामाजिक सञ्जाल प्लेटफर्म मन्त्रालयमा सूचीकरण गर्नुपर्ने व्यवस्था अनुसार सूचना प्रकाशन भएको मितिले तीन महिना भित्र सूचीकरण हुन, नेपालभित्र सम्पर्क बिन्दु, आवासीय गुनासो सुन्ने अधिकारी र स्वनियमन परिपालनको निगरानी गर्ने अधिकारीको व्यवस्था गर्न भनेको थियो ।

पहिलो पटकको निर्देशन नमानेपछि दोस्रो पटक सञ्चारमन्त्रायले ०८१ भदौ ६ को बैठकको निर्णय कार्यान्वयनका सुनिश्चितताको लागि भन्दै ताकेता गरेको थियो । त्यो ताकेता पनि पालना भएन । २२ अक्टोबर, २०२४ मा केही ठुला सामाजिक सञ्जाल प्लेटफर्मका चिफ अपरेटिङ अफिसर (सीओओ) लाई सम्बोधन गरी उक्त प्लेटफर्महरू सञ्चार मन्त्रालयमा सूचीकरण तथा निर्देशिकाको कार्यान्वयन साथै सरकारको निर्णय कार्यान्वयनका लागि इमेलमार्फत पत्राचार समेत गरिएको थियो ।
सोही निर्देशिकाको परिपालनाको सुनिश्चितताको लागि २०८१ माघ २१ गतेका लागि आह्वान गरिएको र अन्तिम पटक २०८१ चैत ७ गते सूचीकरणको लागि ३० दिनको समयावधि दिई पुनः सूचना प्रकाशित गरेको थियो । यस अवधिसम्म पनि सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, २०८० बमोजिम थप कुनैपनि सामाजिक सञ्जालका प्लेटफर्म सञ्चालकहरू मन्त्रालयमा सूचीकृत हुन आएका छैनन् ।

# गहना र नगदसहित भेडेटारबाट दुई जना पक्राउ

झापा(प्रस) ।धनकुटाको साँगुरीगढी गाउँपालिका-६, भेडेटार चोकबाट प्रहरीले सुन र चाँदीको गहना तथा नगदसहित दुई जना युवकलाई नियन्त्रणमा लिएको छ ।
धनकुटाबाट धरानतर्फ जाँदै गरेको प्र.१-०२-०५४ प २१६५ नम्बरको एफजेट मोटरसाइकलमा सवार दुईजना व्यक्तिहरुलाई शंका लागेर जाँच गर्दा चालक धिरज विश्वकर्माले बोकेको कालो रंगको झोलाभित्र चाँदीजस्तो देखिने धातुका विभिन्न गरगहनाहरू, सुन जस्तो देखिने धातुका स-साना ५ थान टुक्राहरू र नगदसमेत फेला परेको छ ।
ती सामग्रीको बिलबिजक नभएकोले



नियन्त्रणमा लिइएको जिल्ला प्रहरी प्रवक्ता डिएसपी ओमप्रकाश खनालले बताए । उनीहरुको साथबाट फेला परेको गहनाबारे सुनचाँदी व्यवसायी संघसँग समन्वय गरी तौल गर्दा चाँदी जस्तो देखिने १ हजार १ सय ४९ ग्राम फेला परेको हो । जसको बजार मूल्य ५ लाख ४१ बढी रहेको बताइएको छ ।
यसैगरी, पोतेमा भएको सुन जस्तो देखिने पेन्डेन्ट ५ थान र सुन जस्तो देखिने स-सानो टुक्रा ५ थानको जम्मा १२ दशमलव ७१ ग्रामको गहनासमेत रहेको छ । जसको मूल्य २ लाख ८६ हजार बढी रहेको बताइएको छ ।
यस्तै उनीहरुको साथबाट ५ सय र १ हजार गरी ८५ हजार ५ सय नगद पनि प्रहरीले बरामद गरेको छ ।
पक्राउ परेका मोरङको, लेटाङ-८, जाँते बस्ने ३० वर्षीय मनोज विश्वकर्मा र १९ वर्षीय धिरज विश्वकर्मालाई आवश्यक कारबाहीका लागि प्रहरीले राजश्व अनुसन्धान कार्यालय ईटहरी पठाउने भएको छ ।

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६९३९९६
द्रोण अधिकारी : ९८४२६२८७०१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** वाणीमा कुशलता आउने दिन परेको छ । मिल्ने साथीको सुझावले महत्त्वपूर्ण वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ । वस्त्र लाभ पनि हुनसक्छ ।
**वृष**
**मिथुन** आज छोटो दुरीको लाभदायक यात्रा हुनेछ । राज्यबाट मान सम्मान मिल्नेछ ।
**कर्कट** धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । वाहन सुख पनि मिल्नेछ ।
**सिंह** आज स्वास्थ्य तथा सौन्दर्यतामा धन खर्च हुनेछ । अरुको लागि दौडधुप गर्नु पर्नेछ ।
**कन्या** चोटपटक पनि लाग्न सक्छ । यात्रा गर्ने अवसर पनि जुट्नेछ ।
**तुला** आज शुभकार्यमा सहभागिता जनाइने छ । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ ।
**वृश्चिक** पुँजी बजारमा सफलता मिल्ने छ । आर्थिक क्षेत्र राम्रै होला ।
**धनु** आज प्रेम र मित्रताको बन्धन कसिने बेला छ । नयाँ कार्यको योजना बन्नेछ ।
**मकर** आतिथ्यपूर्ण सम्मान पाइएला । वैदेशिक कार्य अघि बढ्नेछ ।
**कुम्भ** मनमा हर्ष, उमङ्ग र उत्साह छाउला । भाग्यले विभिन्न अवसर जुराउनेछ ।
**मिन** कला र गलाको प्रभाव बढ्नेछ । दाम, इनाम र प्रतिष्ठा पनि कमाउने बेला छ ।